जुगल गाउँपालिका

# जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि २०७५

| | | |
|---|---|---|
| खण्ड :- | ऐन संख्या :- | स्वीकृत मिति :- २०७५ पौष २९ |

## जुगल गाउँपालिका

**सिन्धुपाल्चोक जिल्ला**

**प्रदेश नं. ३**

# जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५

जुगल गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितमूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न  नेपालको संविधानको धारा २२१ को उपधारा (१), स्थानीय सरकार संचालन ऐन २०७५, जुगल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४को अधिनमा रही आयोजनाको लेखाजोखा गर्ने कार्यविधि बनाउनु पर्ने भएको तथा जुगल गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन संवन्धि कार्यविविधि २०७५ को परिच्छेद ३ दफा ११ (५) लाई थप स्पष्ट पार्नु पर्ने भएकोले जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५ तर्जुमा गरिएको छ ।

**परिच्छेद १**

## कार्यविधिको उद्देश्य,संक्षिप्त नाम, तथा परिभाषा

**१. कार्यविधिको उद्देश्य :** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) जुगल गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सरोकारवालाबाट पारदर्शी ढंगबाट लेखाजोखा हुने पद्धतिको स्थापना गर्ने,

(ख) जुगल गाउँपालिकाले संचालन गर्नेकार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रणाली अवलम्बन गर्न  सरोकारवालालाई लाई मार्गदर्शन गर्ने,

(ग) जुगल गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,

(घ) जुगल गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउने ।

**२. संक्षिप्त नामः** यस कार्यविधिको नाम जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविध २०७५ रहेको छ । यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**३. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'कार्यविधि' भन्नाले जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि २०७५ सम्झनुपर्छ ।

(ख) 'सभा' भन्नाले जुगल गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ ।

(ग) 'प्रमुख' भन्नाले जुगल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले जुगल गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) 'विकास साझेदार' भन्नाले संघ, प्रदेश र स्थानीय सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघी निकायहरु तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था आदि सम्झनुपर्छ ।

(च) 'उपभोक्ता समिति' भन्नाले आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना वा कार्यक्रम निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(छ) 'सार्वजनिक परीक्षण' भन्नाले जुगल गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन संवन्धि कार्यविविधि २०७५ को परिच्छेद ३ दफा ११ (५) अनुसार तयार गरिएको जुगल गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५ अनुसार स्थानीय सरकारले संचालन गर्ने कार्यक्रम आयोजनाको लक्ष्य उद्देश्य (बजेट आम्दानी) तथा यसबाट प्राप्त नतिजा उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरु विच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनु पर्छ ।

(ज) 'गैर सरकारी संस्था' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासंग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

(झ) 'सामुदायिक संस्था' भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

(ञ) 'कार्यक्रम' भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

(ट) 'आयोजना' भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

(ठ) 'अनुदान' भन्नाले संघीय, प्रदेस सरकारबाट स्थानीय सरकारलाइ प्राप्त हुने वित्तीय समानिकरण तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेत सम्झनुपर्छ।

(ड) 'लक्षित समूह' भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ।

(ढ) 'समुदायबाट संचालन हुने योजना' भन्नाले जुगल गाउँपालिकाको सहयोगमा उपभोक्ता समिति, गैरसरकारी संस्था, टोल विकास संस्था सामुदायिक संस्थाबाट संचालन हुने निर्माण तथा सामाजिक विकास सम्बन्धी आयोजनालाई सम्झनुपर्नेछ।

(ण) 'साना कार्यक्रम वा आयोजना' भन्नालेरु. दश लाख भन्दा कम लगानी भएका कार्यक्रम वा आयोजनालाई सम्झनु पर्नेछ।

(त) 'ठूला कार्यक्रम वा आयोजना' भन्नालेरु. दश लाख वा सो भन्दा माथि लगानी भएका कार्यक्रम वा आयोजना लाई सम्झनु पर्नेछ।

(द) 'सरोकारवाला निकाय' भन्नाले जुगग गाउँपालिका भित्र संचालन हुने आयोजना तथा कार्यक्रमका लाभग्राही, उपभोक्ता समिति, उपभोक्ता, जनप्रतिनिधि, विकास साझेदार निकाय तथा जुगल गाउँ पालिका समेतलाई सम्झनु पर्नेछ।

## परिच्छेद २
## सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

**४. सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था:** कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षणको व्यवस्था देहाय बमोजिम हुनेछः

४.१ **कार्यक्रम वा आयोजना सार्वजनिक परीक्षण गर्नुपर्ने**: स्थानीय निकायमा वाह्य तथा आन्तरिक श्रोतबाट संचालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि अन्तिम

किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण गराउनु पर्दछ । कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको प्रारम्भमा र किस्ता निकासा पूर्व सार्वजनिक परीक्षण गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन यस्तो व्यवस्था निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल सुधा समिति, सामुदायिक संस्थासँग गरिने सम्झौतामा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४.२ **कार्यक्रम तथा आयोजनाको वर्गीकरणः**

कार्यक्रमतथा आयोजना वा कार्यक्रमहरुमा भएको लगानीको आधारमा रु.१० लाख भन्दा कम तथा बढि रकम लगानीका आधारमा साना तथा ठूलाआयोजना वा कार्यक्रम भनी बर्गिकरण गरी सार्वजनिक परीक्षण कार्य सरलिकृत र विस्तृत गरिनेछ सार्वजनिक परीक्षणको कार्य गाउँपालिका आफै वा सहजकर्ता सेवा करारमा लिई गर्न सकिनेछ ।

**४.३ विकास साझेदारहरूको सहयोगबाट संचालन हुने योजनाको सार्वजनिक परीक्षण :**

यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख भएतापनि विकास साझेदारहरुको सहयोगमा सञ्चालित कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण उक्त कार्यक्रम तथा आयोजनाको सम्झौता वा दस्तावेजमा उल्लेख गरेको व्यवस्था अनुसार हुनेछ । सो नभएमा यसै कार्यविधि अनुसार सार्वजनिक परीक्षण गरिनेछ ।

## परिच्छेद- ३

## साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

### ५. साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्नेः

समुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र समुदायिक संस्था) मार्फत संचालन वा निर्माण भएका रु. दश लाख भन्दा कम रकम लगानी भएका आयोजनाहरूको सार्वजनिक परीक्षण निम्नानुसार गर्नुपर्ने छ ।

### ५.१ सार्वजनिक परीक्षणको सूचना

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकाय (उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्था) ले कम्तिमा सात दिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थान खोली

सम्वन्धित उपभोक्ता, समुदायका सदस्यहरूलाई सूचना दिनु पर्नेछ । यस्तो सूचना जारी गर्नु पूर्व संवन्धित वडा कार्यलयबाट पूर्व सहमती लिनु पर्नेछ ।

## ५.२ साना आयोजना वा कार्यक्रम सम्बन्धी विवरण तयारी

कार्यक्रम वा आयोजना संचालन गर्ने निकायले सम्पन्न योजना सम्बन्धी विवरण अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्नेछ । यसरी तयार गरेको विवरण सार्वजनिक परीक्षण गर्ने समुदाय भेलामा प्रस्तुत गरी सोको एक प्रति गाउँकार्यपालिकाको कार्यलयमा बुझाउनु पर्नेछ ।

## ५.३ साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला संचालन विधि

क) साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरी कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति जनाउनु पर्नेछ । कार्यकमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यकम तालिका अग्रिम रुपमा तयार गर्नु पर्नेछ । सहजिकरणको कार्यतालिका अनुसूची ५ बमोजिम तयार गर्नु पर्ने छ ।

ख) आयोजना वा कार्यक्रम संचालन गर्ने निकायले अनुसूची-१ बमोजिमको आयोजना सम्पन्नताको पूर्ण विवरण भेलामा प्रस्तुत गर्नु पर्नेछ ।

ग) कार्यक्रम वा आयोजना संचालन गर्ने निकायबाट विवरण प्रस्तुत भइ सकेपछि सहभागी समुदायका सदस्यहरूलाई आफ्नो बिचार राख्ने अवसर दिनु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमाथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

घ) कार्यक्रम वा आयोजना संचालन गर्ने निकायले सहभागीहरूबाट आएका प्रतिक्रिया तथा सुझावहरू उपस्थिति पुस्तिकामा उल्लेख गर्नु पर्नेछ । भेलामा कुनै निर्णय भएमा सोको निर्णय समेत सोही पुस्तिकामा उल्लेख गरिनेछ । सहजकर्ताले सहजीकरण गर्न अनुसूची ५ मा दिइएको चेकलिष्ट प्रयोग गर्नु पर्नेछ ।

ङ कार्यक्रमको अन्त्यमा पुस्तिकामा उल्लेख गरिएका प्रतिकिया, सुझाव तथा निर्णयहरू सहभागीहरूलाई सुनाई कार्यक्रममा उपस्थित गाउँकार्यपालिका कार्यलयका प्रतिनिधि/वडा कार्यलयबाट खटिएका प्रतिनिधि र जनसमुदायले तोकेको कम्तिमा दुई जना प्रतिनिधिबाट

प्रमाणित गराउनु पर्नेछ । यसरी प्रमाणित गरिएको टिपोटको प्रतिलिपि कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको अन्तिम भुक्तानीको लागि गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

च. रु ५ लाख भन्दा माथिका योजनाको सार्वजनिक परिक्षणमा संवन्धित वडाका वडा अध्यक्षको रोहवर अनिवार्य हुनेछ ।

## परिच्छेद- ४
## ठूला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण सम्वन्धी व्यवस्था

### ६. उपभोक्ता समिति मार्फत हुने ठूला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षणः

**रु.** दश लाख भन्दा बढी रकम लगानी भएका समुदाय वा उपभोक्ता समिति मार्फत संचालित कार्यक्रम तथा आयोजनाहरूको सार्वजनिक परीक्षण निम्नानुसार गर्नु पर्नेछ ।

**६.१. उपभोक्ता समिति मार्फत संचालित ठूला कार्यक्रम तथा आयोजनाहरूको सार्वजनिक परीक्षणः** उपभोक्ता समिति मार्फत संचालन भएका रु. दश लाख रुपैयाभन्दा बढी रकम लगानी भएका आयोजनाहरूको सार्वजनिक परीक्षणको कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृत, सम्बन्धित कार्यक्रम तथा आयोजनामा प्रत्यक्ष संलग्न नभएको प्राविधिक वा सार्वजनिक परीक्षणका लागी सेवा करार लिएको व्यक्तिलाई सहजकर्ताको रुपमा गाउँपालिकाले खटाउनुपर्नेछ ।

**६.२. सार्वजनिक परीक्षणको सूचनाः** सार्वजनिक परीक्षणको लागि आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले कम्तीमा सात दिन अगावै छलफल हुने मिति, समय र स्थान खोली वडा स्तरीय योजनाको हकमा संबन्धित वडा कार्यालय र गाउँपालिका स्तरीय योजनाको हकमा गाउँकार्यपालिकाले सम्बन्धित उपभोक्ताहरूलाई सूचना दिनु पर्नेछ । यस्तो सूचना जारी गर्नु अगाडी गाउँपालिका कार्यलयबाट पूर्व सहमती लिनु पर्नेछ ।

**६.३. विषयवस्तु तयारीः** सार्वजनिक परीक्षण कार्यक्रममा एकरुपता ल्याउन आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाले सम्बन्धित उपभोक्ताहरूलाई जानकारी गराउन अनुसूची-१ बमोजिम आयोजनाको पूर्ण विवरण तयार गर्नुपर्नेछ। यसरी तयार गरेको विवरण सार्वजनिक परीक्षण गर्ने समुदाय भेलामा प्रस्तुत गरी सोको एक प्रति गाउँकार्यपालिकाको कार्यलयमा बुझाउनु पर्नेछ।

**६.४. सार्वजनिक परीक्षण कार्यक्रम संचालन विधिः**

क) सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाका पदाधिकारी, योजना स्तरीय उपभोक्ता समितिका पदाधिकारी, वडा कार्यलय, गाउँकार्यपालिकाबाट खटाइएका कर्मचारी, सहजकर्ता तथा उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेत उपस्थिति जनाउनु पर्नेछ।

ख) सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, प्रत्यक्ष लाभान्वित उपभोक्ता योजना क्षेत्रका जनप्रतिनिधि समेत उपस्थित हुनु पर्नेछ। उपस्थितिको लागि सार्वजनिक परीक्षण हुने मिति, समय, स्थानबारे सूचना दिनुपर्नेछ। आफ्नो क्षेत्रमा हुने सार्वजनिक परीक्षण भेलामा सहभागी हुनु जनप्रतिनिधिको कर्तव्य हुनेछ।

ग) सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे गाउँपालिकाबाट खटिएको सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ।

घ) कार्यक्रम वा आयोजना संचालन गर्ने निकायले अनुसूची-१ बमोजिमको आयोजनाको पूर्ण विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ।

ङ) कार्यक्रम वा आयोजना संचालन गर्ने निकायको तर्फबाट विवरण प्रस्तुत भएपछि गाउँपालिकाबाट खटिएको सहजकर्ताले खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्नेछ। सहजकर्ताले अनुसूची ५ मा दिइएको चेकलिष्ट तथा अनूसुचि ६ को प्रश्नावलीका आधारमा छलफलको सहजीकरण गर्नुपर्नेछ।

च) सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका भनाईलाई सहजकर्ताले टिपोट गर्नु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमा आयोजना संचालन गर्ने निकायले थप स्पष्ट पार्नु पर्नेछ ।

छ) गाउँपालिकाबाट खटिएको सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा गुनासो, प्राप्त प्रतिक्रिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहित अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन सहजकर्ताले गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## ७. निर्माण व्यवसायीमार्फत संचालन भएका आयोजनाहरूको सार्वजनिक परीक्षण

निर्माण व्यवसायी मार्फत संचालित भौतिक पुर्वाधार आयोजनाहरूको सार्वजनिक परीक्षण गर्ने जिम्मेवारी गाउपालिकाको तोकिएको अधिकृत वा सो आयोजनाको लागि तोकिएको प्राविधिक कर्मचरी वा सेवा करारमा लिएको सहजकर्ताको हुनेछ ।

## ७.१.निर्माण व्यावसायी मार्फत संचालन भएका आयोजनाहरूको सार्वजनिक परीक्षण विधि :

निर्माण व्यावसायीमार्फत संचालन भएका कार्यक्रम तथा आयोजनाहरूको हकमा सार्वजनिक परीक्षण देहाय बमोजिम गर्नुपर्नेछ :

क) ठेक्काबाट संचालित आयोजनाहरूको सार्वजनिक परीक्षण हुने मिति, स्थान र समय सार्वजनिक परीक्षण हुनुभन्दा कम्तीमा १५ दिन अगावै आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरूलाई सूचना दिनु पर्नेछ ।

ख) सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना र संस्था भएमा नाम, पद सहित उपस्थिति जनाउनु पर्नेछ ।

ग) सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचारसंहिताबारे गाउँपालिकाबाट खटाएको अधिकृत, प्राविधिक कर्मचारी वा सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ ।

घ) आयोजना संचालन गर्ने निर्माण व्यवसायीले अनुसूची-३ बमोजिमको आयोजनाको विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ ।

ङ) निर्माण व्यवसायीको तर्फबाट विवरण प्रस्तुत भएपछि सार्वजनिक परिक्षणका लागि खटिएका अधिकृत, प्राविधिक वा सहजकर्ताले अनुसूचि ५ बमोजिमको चेकलिष्ट र अनुसूचि ६ बमोजिम खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्नेछ ।

च) सहभागीहरूले कार्यक्रममा प्रश्तुत गरेका भनाईलाई आयोजना वा कार्यक्रममा संलग्न प्राविधिक र निर्माण व्यवसायीले नाम सहित टिपोट गर्नुपर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि थप स्पष्ट निर्माण व्यवसायी एवं प्राविधिकले पार्नु पर्नेछ ।

छ) सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहितको प्रतिवेदन अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

८. **आचार संहिता:** सार्वजनिक परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन ब्यवस्थित कार्यतालिका तयार गरी छलफल सञ्चालन गर्नु पर्नेछ । सहजकर्ताले छलफललाई विषयमा केन्द्रिती गर ब्यवस्थित रुपमा सञ्चालन गर्न **अनुसूची ७** मा दिइएको नमूना कार्यक्रम तालिका प्रयोग गर्नु पर्नेछ । सार्वजनिक। परीक्षण कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

क) विषयवस्तुमा मात्र केन्द्रीत रही छलफल गर्ने ।

ख) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

ग) सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

घ) व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

ङ) सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने ।

च) सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।

छ) बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।

९. **सार्वजनिक परीक्षणमा प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा लिने:** सार्वजनिक परीक्षण आयोजना संचालनमा जनसहभागिता वृद्धि गर्न तथा जनताहरूबाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले संचालन हुने हुनाले सार्वजनिक परीक्षणको क्रममा सहभागीहरूले व्यक्त गरेकालाई विचार पृष्ठपोषणको रुपमा लिनु पर्नेछ ।

**१०. सार्वजनिक परीक्षणमा प्रस्तुत गर्नुपर्ने कागजातहरूः** सार्वजनिक परीक्षणमा खटिएका सहजकर्ताले योजना संझौता, योजना खाता, निर्णय पुस्तिका, पत्राचार सम्बन्धी कागजात, आय व्यय विवरण र अन्य आवश्यक कागजातहरु सक्कलै वा प्रतिलिपी प्रस्तुत गर्नु लगाउनु पर्नेछ ।

## परिच्छेद- ५
## प्रतिवेदन कार्यान्वयन

**११.प्रतिवेदन पेश गर्नुपने**

जुगल गाउँपालिकाको सहयोगमा संचालित आयोजना वा कार्यक्रमहरूको सार्वजनिक परीक्षणको प्रतिवेदन गाउँपालिका प्रमुख समक्ष पेश गर्नु पर्नेछ । उक्त प्रतिवेदन गाउँकार्यपालिका बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

**१२.प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्ने**

सार्वजनिक परीक्षण प्रतिवेदनको आधारमा आयोजना वा कार्यक्रमको अन्तिम किस्ता रकम भुक्तानी गर्नु पर्ने छ ।

**१३. प्रतिवेदन तयार गर्नुपर्ने**

सार्वजनिक परीक्षणका मूख्य मूख्य बुदाहरुलाइ (सकारात्मक तथा सुधारात्मक) विश्लेषणगरी गाउँकार्यपालिकाले सार्वजनिक परिक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

**१४. प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्ने**

सार्वजनिक परिक्षणका सारभुत कुाराहरुलाई समेटेर वार्षिक प्रतिवेदन तयार गरि वर्षान्तको गाउँसभा समक्ष पेश गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँसभाले नीतिगत निर्णय गर्न सक्नेछ ।

## परिच्छेद- ६
## विविध

**१४.अन्य निकायहरुवाट यस सार्वजनिक परीक्षण कार्यविधिको प्रयोगः** जुगल गाउँपालिका क्षेत्र भित्र कार्यरत गैसस तथा अन्य सार्वजनिक संस्था, विषयगत कार्यालयहरुहरूले यस कार्यविधि अनुरुप सार्वजनिक सार्वजनिक परिक्षण गर्नु पर्नेछ ।

**१५. अभिमुखिकरण सम्बन्धी व्यवस्था :** यो कार्यविधि लागू गरेपछि पदाधिकारी, कर्मचारी तथा मुख्य सरोकारवालालाई एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**१६. थपघट र हेरफेर** यसः कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनकालगि गाउँ कार्यकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१७. अमान्य हुने :**

यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानूनसँग बाभिएमा बाभिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूची- १

**(कार्यविधिको परिच्छेद ३ (५.२) संग सम्बन्धित )**

### उपभोक्ता समितिले तयार गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचा

१. आयोजनाको नामः क) स्थलः

ख) लागत अनुमानः ग) आयोजना शुरू हुने मितिः घ) आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको क) नामः

क) अध्यक्षको नामः ख) सदस्य संख्याः महिलाः पुरूषः

३. आम्दानी खर्चको विवरणः

**क) आम्दानीतर्फ जम्माः**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद | रकम वा परिमाण | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| **तथा जिन्सी प्राप्त भयो खुलाउने)** | | |
| | | |
| | | |

**ख) खर्चतर्फ**

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामाग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ? ) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |

**ग) मौज्दात**

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १ नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २ सामग्रीहरु | | |

**घ) भुक्तानी दिन बाँकी**

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति | पुष्ट्याँइका आधार |
|---|---|---|---|
| | | | |

५. योजनाले पुरयाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरू)

६. आयोजना वा कार्यक्रम संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले केकस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने :

| |
|---|
| |

७. आयोजना वा कार्यक्रम संचालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक :

८. कार्यक्रम संचालनको क्रममा भोगेका मूख्य समस्याहरु :

- ..
- ..
- ..

९. कार्यक्रम संचालनको क्रममा भएको राम्रा सिकाइहरु :

- ..
- ..
- ..

१०.सम्पन्न योजनालाई दिगो रुपमा संचालन गर्नयको भविष्य योजना के छ

- ..
- ..
- ..

११. समितिको सुझाव

१२. उपभोक्ता समिति/सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरूको दस्तखत :

| कोषध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|

## अनुसूची- २

### (कार्यविधिको परिच्छेद (४) र (६.४) '५' संग सम्बन्धित )

### सहजकर्ताले पेश गर्ने सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा

श्री जुगल गाउँपालिका को कार्यालय
बराम्ची सिन्धुपाल्चोक

**१. योजनाको**

क) नामः

ख) स्थलः

ग) लागत अनुमान :

घ) योजना शुरु भएको मितिः

ङ) योजना सम्पन्न मितिः

च) योजनाको अवस्थाः सम्पन्न/अधूरो/बिग्रिएको

**२. उपभोक्ता समिति, गैसस, सामुदायिक संस्थाको**

क) नाम :

ख) अध्यक्षको नाम :

ग) सदस्य संख्या : महिला.....पुरुष.....

**३. सार्बजनिक परीक्षण भएको**) मितिः ख) स्थानः ग) समयः

**४. उपस्थिति** : (उपस्थितिको छाँयाप्रति संलग्न गर्नु पर्ने )

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**४. योजनाको लक्ष तथा प्रगति विवरणः**

| **कामको विवरण** | **लक्ष्य** | **प्रगति** | **पुष्ट्याँइका आधार** |
|---|---|---|---|
| | | | |

**६. उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरणः**

| **आम्दानी** | | **खर्च** | |
|---|---|---|---|
| **विवरण** | **रकम रू** | **विवरण** | **रकम** |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामाग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |

| | | | |
|---|---|---|---|
| लागत सहभागिता | | | |
| | | | |
| | | | |

**७. सार्बजनिकमा परीक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझावः**

| सि.नं | सुझावकर्ताको नाम थर | सुझावका क्षेत्र, प्रतिक्रिया, तथा सुझावको संक्षेप सार | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उपर्युक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खाँदैन ? मेल नखाने भएमा कैफियतमा जनाउने :

**८. सवै सरोकारवालाहरूलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटी टाँस भए / नभएको**

....................
नामः
सहजकर्ता

....................
नामः
प्राविधिक

सहजकर्ताले प्रतिवेदन बुझाएको मितिः

**अनुसूची- ३**

**(कार्यविधिको परिच्छेद ४ (७.१) 'घ' संग सम्बन्धित )**

**सार्बजनिक परीक्षणकोलागि निर्माण व्यवसायीले तयार गर्ने विवरणको ढाँचा**

**१. योजनाको**

क)नामः ख) स्थलः

ग) ठेक्का अंक : घ)योजना शुरु भएको मितिः

ङ) योजना सम्पन्न मितिः

**२. निर्माण ब्यवसायीकोः**

क) फर्मको नाम : ख) प्रोपइटरको नाम :

**३. सम्पन्न योजनाको लक्ष तथा प्रगति विवरण :**

| **कामको मूख्य विवरण मूख्य मूख्य कार्य खुलाउने** | **लागत अनुमान** | **यथार्थ** |
|---|---|---|
| | | |
| | | |
| | | |

४. योजनाले पुरयाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएका स्थानका उपभोक्ता हरु ) :

५. योजना संचालनको क्रममा सम्वन्धित निकायले गरेको अनुगमन पटक :

६. कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरु

७. सम्पन्न योजनालाई दिगो रुपमा संचालन गर्न के गर्न आवश्यक छ ?

.....................................

ठेकदार वा प्रतिनिधिको दस्तखतः

नामः

निर्माण ब्यवसायको नामः

विवरण पेश गरेको मितिः

## अनुसूची- ४

**(कार्यविधिको परिच्छेद ४ (७.१) 'छ' संग सम्बन्धित )**

## निर्माण व्यावसायीवाट संम्पन्न कार्यक्रम वा आयोजनाको सार्बजनिक परीक्षण प्रतिवेदनको ढाँचा

श्री जुगल गाउँपालिकाको कार्यलय
बराम्ची, सिन्धुपाल्चोक

**१. योजनाको**

क) नाम:

ख) स्थल:

ग) ठेक्का अंक :

घ) योजना शुरु भएको मिति:

ङ) योजना सम्पन्न मिति:

**२. निर्माण ब्यवसायीको:**

क) फर्मको नाम :

ख) प्रोप्राइटरको नाम :

**३. सार्बजनिक परीक्षण भएको**

क) मिति:

ख) स्थान:

ग) समय:

**४. उपस्थिति** : (उपस्थितीको छाँया प्रती टाँस गर्ने)

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**५. योजनाको लक्ष तथा प्रगति विवरण:**

| **कामको मूख्य विवरण मूख्य मूख्य कार्य खुलाउने** | **लागत अनुमान** | **यथार्थ** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**६.** निर्माण व्यवसायीले पेश गरेको विवरण माथि सार्बजनिक परीक्षणमा उपस्थित व्यक्तिहरुको प्रतिक्रिया तथा सुझावः

| सि.नं | सुझावकर्ताको नाम थर | सुझावका क्षेत्र, प्रतिक्रिया, तथा सुझावको संक्षेप सार | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७ . सहभागीवाट आएका विचार तथा अवलोकनवाट देखिएका तथ्यहरूको विश्लेषण

| |
|---|
| |

.................... ....................

नामः नाम :

सहजकर्ता प्राविधिक

प्रतिवेदन बुझाएको मिति

# अनुसूची- ५

## (कार्यविधिको परिच्छेद ३ (५.३) संग सम्बन्धित )

## सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गर्नु पर्ने चेकलिष्ट

**स्वामित्वः**

(क) कार्यक्रम वा आयोजनासमुदायले माग गरे अनुसार छ /छैन....................
(ख) लाभान्वित घरधुरी संख्या.............
(ग) लक्षित वर्गसमावेशी(दलित, जनजाति, महिला, गरीब, पिछडिएको वर्गको संख्या : ...............

(घ) योजनाबाट हुने उपलब्धिका सूचकहरू प्रष्ट छन्/छैनन् .....................
(ङ) लक्ष र उपलब्धि बीचको फरक.................
(च) योजनाको दिगोपनका लागि समुदायको सहभागिता तथा योगदान ..............
(छ) योजना समयमा सम्पन्न भयो वा भएन भएन भने कारणहरू........................

(ज) योजना संचालन गर्नगठित उपभोक्ता समितिको गठन प्रकिया उपयुक्त भए /नभएको

(झ) उपभोक्ता समितिमा वास्तविक उपभोक्ताको प्रतिनिधित्व भए / नभएको

**योजनाको व्यवस्थापन तथा लेखाप्रणाली**

(क) जिम्मेवारी तालिका प्रष्ट रुपमा छ छैन तथा योजना संचालन गर्ने निकायले प्रश्तुत गरे अनसारको योजना सम्पन्न भए नभएको

(ख) खरिद प्रकिया ऐन, नियम तथा निर्देशिका बमोजिम भयो/भएन ? प्रतिस्पर्धात्मक कोटेशन अनुसार नभएको भए कारण खुलाउने

(ग) र २०००० भन्दा माथिको खरिदमा मूल्य अभिवृद्धि करको बील समावेश भए/नभएको ? विलहरूमा त्रुटिहरू भए/नभएको

(घ) स्टोर ब्यवस्थापनमा त्रुटि रहे नरहेको
(ङ) अग्रिम भुक्तानी रकम योजनाको उपभोक्ता समिति वा सञ्चालक समितिले गरेको निर्णय भन्दा फरक छ / छैन
(छ) काटिएको चेक, बैंकको विवरणसँग (भिडाएर रुजु) गरियो/गरिएन ।
(ज) खर्च विवरणमा उल्लिखित अनुसारका मानिसले काम गरेको हो /होइन ?
(झ) काम गर्ने मानिसले पुरै ज्याला पाएका छन् /छैनन् ?

(ञ) गाउँपालिका बाट समय समयमा निरीक्षण भएको छ/छैन ? निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए /भएनन्?.................

**पारदर्शिता**

(क) योजना स्थलमा योजनाको लगानी बारे प्रष्ट हुने गरी सूचना बोर्ड राखियो/राखिएन........

(ख) योजनाको सञ्चालन खर्चको विवरण प्रष्ट छ/छैन।

(ग) मिजरमेन्ट वुक (नापी किताव) प्रष्ट सित राखिएको छ /छैन ।

(घ) आयोजना वा कार्यक्रम कार्यान्वयन हुनु अघि पर्याप्त जानकारी गराउने काम भए/नभएको ।

**अन्य**

(क) सहभागीमध्ये कसैले उपभोक्ता समितिको कुनै सदस्यको विशेष प्रशंसा मात्र गरेको वा विरोध गरेको अवस्थामा कारण पत्ता लगाउने ।

(ख) सूचना प्रवाहमा दलित, महिला, बालबालिका र पिछडिएका वर्गको सहभागिता रह्यो/रहेन वा कतैबाट

अवरोध छ छैन पत्ता लगाउने ।

(ग) प्राविधिकहरूबाट समयमै सुझाव र सल्लाह प्राप्त भयो, भएन ? दिइएका सल्लाह र सुझावहरू उपयुक्त थिए, थिएनन् ?

(घ) योजनालाई प्रभावकारी रुपमा संचालन गर्न भविष्यको योजना के छ ?
(ङ) योजनासंचालनको क्रममा महत्वपूर्ण सिकाइ के रह्यो ?

## अनुसूची–६

**(कार्य विधिको परिच्छेद ४ (६.४) 'ङ' संग सम्बन्धित )**

सार्वजनिक परीक्षण कार्यक्रममा खुला छलफलका लागि सहजिकरकण प्रश्नावली

क) आयोजना संचालन गर्ने निकायले प्रस्तुत गरे अनुसारको आयोजना सम्पन्नको स्थिति

ख) आयोजना उल्लेख गरेको समयमा शुरु तथा सम्पन्न भए/ नभएको

ग) आयोजना वा कार्यक्रम कार्यान्वयन प्रारम्भ हुनु अघि पर्याप्त जानकारी भए/ नभएको

घ) काम गर्ने मानिसहरूले ज्याला पाएका /नपाएका

ङ) आयोजनामा प्रयोग भएका सामग्रीहरू गुणस्तरीय भए / नभएको

च) गाउँपालिकाबाट समय समयमा निरीक्षण भए /नभएको

छ) निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए/नभएको

ज) प्राविधिकहरूबाट नियमित सुपरीवेक्षण भई सुझाव र सल्लाह प्राप्त भए/नभएको

ज) प्राविधिकबाट दिइएका सल्लाह र सुझावहरू उपयुक्त भए/ नभएको